नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली

इमेल: pmamp.piu.sindhuli1@gmail.com
वेबसाइट: piusindhuli.pmamp.gov.np

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुली

सूचना नं. १

# मौजुदा सूचीमा दर्ता गर्ने सम्बन्धी सूचना।

प्रकाशित मिति :-२०८३/०४/०६

यस कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुलीको लागि आ.व. २०८३/०८४ मा आवश्यक पर्ने तपशिल बमोजिमका विभिन्न सामान तथा सेवाहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति,फर्म,कम्पनी एवम् संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएको हुँदा तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी सोही नियमावलीको अनुसूची -२ (क) बमोजिमको ढाँचामा निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

<u>आवश्यक कार्य तथा सेवाहरुको विवरण</u>

१.मसलन्द तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य ।
२.कम्प्युटर,प्रिन्टर,फोटोकपी लगायतका विद्युतीय मेसिनरी सामान तथा पार्टपूर्जा आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
३.फर्निचर तथा फर्निसिङ्ग आपूर्ति र मर्मत सम्बन्धी कार्य ।
४.छपाई,प्रकाशन,प्रशारण तथा विज्ञापन सम्बन्धी सेवा ।
५.निर्माण व्यस्थापन सम्बन्धित सेवा ।
६.सवारी साधन मर्मत तथा पार्टपूर्जा आपूर्ति सम्बन्धी कार्य ।
७.पत्रपत्रिका आपूर्ति कार्य ।
८.धारा तथा बिजुली सम्बन्धी सामान आपूर्ति र मर्मत सम्बन्धी कार्य ।
९.विउविजन,मल तथा विषादीहरु आपूर्ति कार्य ।
१०.कृषि कार्यक्रममा प्रयोग हुने औजार उपकरण तथा सरसामानहरु आपूर्ति कार्य ।

<u>निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु</u>

१.संस्था तथा फर्म दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी लेखा नं. (PAN) वा मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४.व्यवसायिक ईजाजतपत्रको प्रतिलिपि पत्र।
५.प्रचलित कानून बमोजिम अयोग्य नभएको तथा कालोसूचीमा नपरेको व्यहोरा खुलाईएको स्वयं घोषणा सहित निवेदन पेश गर्नुपर्नेछ ।

<u>अन्य शर्तहरु</u>

माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाका लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ । रित नपुगी आएका निवेदनहरुलाई मान्यता दिईने छैन । प्राप्त निवेदनहरु मौजुदा सूचीमा दर्ता गर्ने वा नगर्ने अधिकार यस कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीमा रहनेछ ।

..................................
विनय वावु कोइराला
निमित्त वरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी "
"Invest in Domestic Production, Path to Self-Sufficiency"